बैठक नं : १०
मिति :२०७९/०६/१४ गते
समयः दिनको ९:०० बजे ।
स्थानः गोलन्जोर गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुली ।

आज मिति २०७९।०६।१४ गते शुक्रवार दिनको ९.०० बजे गोलन्जोर गाउँपालिकाका अध्यक्ष श्री शंकर राज वराल ज्यू को अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक तपशिलको उपस्थितिमा बसि देहाय अनुसारको प्रस्ताबहरु माथि छलफल गरि निम्नानुसारको निर्णय पारित गरियो ।

उपस्थिती:

| | | |
|---|---|---|
| १ | श्री शंकर राज वराल | गाउँपालिका अध्यक्ष |
| २ | श्री ज्वाला प्रसाद न्यौपाने | गाउँपालिका उपाध्यक्ष |
| ३ | श्री सोम प्रसाद वराल | कार्यपालिका सदस्य |
| ४ | श्री दौलत कार्की | कार्यपालिका सदस्य |
| ५ | श्री के पि पोखरेल | कार्यपालिका सदस्य |
| ६ | श्री भक्त बहादुर भुजेल | कार्यपालिका सदस्य |
| ७ | श्री गोविन्द बहादुर लुङ्गेली | कार्यपालिका सदस्य |
| ८ | श्री रविन कुमार श्रेष्ठ | कार्यपालिका सदस्य |
| ९ | श्री रेगनराज थापा | कार्यपालिका सदस्य |
| १० | श्री सम्झना पोखरेल | कार्यपालिका सदस्य |
| ११ | श्री सम्वर बहादुर माझी | कार्यपालिका सदस्य |
| १२ | श्री उर्वशी ढुङ्गेल | कार्यपालिका सदस्य |
| १३ | श्री अम्वरदिप वि क | कार्यपालिका सदस्य |
| १४ | श्री शान्ता कामी | कार्यपालिका सदस्य |
| १५ | श्री खरिमाया पुर्वछाने | कार्यपालिका सदस्य |
| १६ | श्री ठाकुरप्रसाद दाहाल | कार्यपालिका सदस्य |

**अन्य**

श्री सेवक विक्रम राई लेखा अधिकृत

श्री तिर्थ कुमार भण्डारी प्रशासन शाखा प्रमुख

**प्रस्तावहरु:**

**प्रस्ताव नं. १**.सवारी साधन एवं एम्बुलेन्स खरिद  सम्बन्धमा ।

**निर्णय नं १** यस गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को बार्षिक बजेट नीति तथा कार्यक्रमको संस्थागत विकास सेवा प्रवाह र शुसासन तर्फको सि. नं. २८ मा २ वटा सवारी साधन खरिदको लागि बजेट विनियोजन भएकोमा सो रकमबाट गाडी खरिदको लागि रकम अपुग देखिएकोले स्पेसिफिकेशन बमोजिमको गाडी खरिदमा नपुग भएको रकम सि.नं १३९ अध्ययक्ष विषेश कार्यक्रमबाट र सि. नं. १४० को उपाध्यक्ष विशेष कार्यक्रमबाट व्ययभार व्यहोर्ने निर्णय गरियो । साथै गाउँपालिकाको पुरानो एम्बुलेन्स संचालनमा धैरै मर्मत आई सेवा प्रवाहमा वाधा उत्पन्न भई व्यापक जनगुनाशो आएकोले आवश्यक खर्च यस गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषबाट खर्च हुने गरी नयाँ एम्बुलेन्स खरिदको लागि तत्काल प्रकृया अगाडी बढाउने निर्णय गरियो ।